# बुटवल पावर कम्पनी लिमिटेड
## बुद्धनगर, वानेश्वर, काठमाण्डौ

### १९औं वार्षिक साधारण सभामा भएका निर्णयहरु

**(क) पृष्ठभूमि:**

यस बुटवल पावर कम्पनी लिमिटेडको उन्नाइसौं वार्षिक साधारण सभा मिति २०६८।१०।३ (तद्नुसार जनवरी १७, २०१२) मंगलवारका दिन ११:०० बजे स्टार भेन्यु, नारायणचौर, नक्साल, काठमाण्डौमा संचालक समितिका अध्यक्ष श्री पद्म ज्योतिज्यूको अध्यक्षतामा बस्यो।

संचालक समितिका अध्यक्ष, सदस्यहरु, शेयरधनीहरु, कम्पनीका पदाधिकारीहरु तथा आमन्त्रित सवै महानुभावहरुको आसन ग्रहण पश्चात् अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिवले १९ औं वार्षिक साधारण सभाको कार्यक्रम संचालन गरिएको थियो ।

**(१) सभा सम्बन्धी सूचना र प्रकाशन :**

१९ औं वार्षिक साधारण सभाको सूचना र विषयसूची तथा कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त आर्थिक विवरणहरु शेयरधनीहरुलाई कम्पनीमा उपलब्ध उहाँहरुको ठेगानामा पठाइएको थियो । सो सूचना तथा संक्षिप्त आर्थिक विवरणहरु शेयरधनीको सुविधाको लागि कम्पनीको वेभ पेज www.bpc.com.np मा समेत हेर्न मिल्ने व्यवस्था गरिएको थियो ।

मिति २०६८।०९।११ गतेको कान्तिपुर राष्ट्रिय दैनिक र कारोवार राष्ट्रिय दैनिकमा १९ औं वार्षिक साधारण सभाको सूचना प्रकाशित गरी सवै शेयरधनीलाई साधारण सभामा भाग लिन आमन्त्रण गरिएको थियो ।

**(२) उपस्थिति :**

**अ) संचालकहरुको उपस्थिति :**

| | |
|---|---|
| १. श्री पद्म ज्योति | अध्यक्ष |
| २. श्री प्रदीप कुमार श्रेष्ठ | संचालक |
| ३. श्री राजिव राज भण्डारी | संचालक |
| ४. श्री संजिव राज भण्डारी | संचालक |
| ५. श्री रत्न संसार श्रेष्ठ | संचालक |
| ६. श्री ओम प्रकाश श्रेष्ठ | वैकल्पिक संचालक |

- ♦ संचालकहरु श्री विजय बहादुर श्रेष्ठ र श्री विजय कृष्ण श्रेष्ठ काम विशेषले गर्दा काठमाण्डौ बाहिर रहनु भएको कारण साधारण सभामा उपस्थित हुन नसक्नु भएको हुँदा सो सम्वन्धमा सभालाई जानकारी गराई उहाँहरुको स्थानमा बैकल्पिक संचालकहरु श्री राजीव राजभण्डारी र श्री संजीव राजभण्डारीले संचालकको रुपमा प्रतिनिधित्व गर्नु भयो, त्यसै गरी संचालकहरु श्री अनुप कुमार उपाध्याय र श्री निर्मल प्रधान पनि साधारण सभामा उपस्थित हुन सक्नु भएन । कम्पनी सचिब श्री मुरली प्रसाद शर्मा बिशेष परिस्थितिको कारणले उपस्थित हुन नसक्नु भएकोले कम्पनीका प्रबन्धक (कानून) श्री प्रज्वल ओभ्काले सो सभामा कम्पनी सचिबको कार्य गर्नु भयो ।

**आ) कम्पनीका पदाधिकारीहरुको उपस्थिति :**

| | |
|---|---|
| १. श्री रंजन लोहार | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री प्रतिक मान सिंह प्रधान | भाईस प्रेसिडेण्ट, व्यवसाय विकास तथा आयोजना |
| ३. श्री विश्व भूषण अमात्य | भाईस प्रेसिडेण्ट, कर्पोरेट |
| ४.श्री राधेश्याम श्रेष्ठ | भाईस प्रेसिडेण्ट, वित्त |
| ५. श्री प्रकाश कुमार श्रेष्ठ | प्रमुख, संचालन |
| ६. श्री प्रज्वल ओभ्का | निमित्त कम्पनी सचिव |

**इ) शेयरधनीको उपस्थिति**

साधारण सभामा कुल शेयरधनीहरु मध्ये १०० जना (संस्थागत शेयरधनी तथा प्रतिनिधि समेत) शेयरधनीहरुको उपस्थिति रहेको थियो ।

## (ख) गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्वः

| विवरण | जम्मा संख्या | उपस्थिति संख्या | % उपस्थिति |
|---|---|---|---|
| कम्पनीको शेयर कित्ता | १,०१,५२,६९४ कित्ता | ९००६५९८ कित्ता | ८९ |
| कम्पनीको शेयरधनी | ९३० जना | १०० जना | ११ |

## (ग) सभाको वैधानिकताः

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ अनुसार साधारण सभा संचालन गर्नको लागि निर्दिष्ट गणपूरक संख्या पुगेको जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग्नु भयो । शेयरधनीहरुको सभाले कम्पनीको वार्षिक साधारण सभाका लागि गणपूरक संख्या पुगेको र सभा रित पूर्वक बोलाईएको ठहर गरी विधिवत् रुपमा साधारण सभाको कार्यवाही अगाडी बढाउने निर्णय गऱ्यो ।

अध्यक्षको अनुमती लिई कम्पनी सचिवले सभामा छलफल हुने विषयसूची र प्रस्तावहरु शेयरधनीहरु समक्ष प्रस्तुत गर्नु भयो । छलफल तथा निर्णयार्थ सभामा प्रस्तुत हुने विषयसूचीलाई साधारण सभाले सर्वसम्मतिवाट स्वीकृत गऱ्यो । तत्पश्चात साधारण सभामा विषयसूची अनुसार प्रस्तावहरु प्रस्तुत एवं निर्णय भए ।

## (घ) छलफलका विषयहरुः

साधारण सभामा छलफल तथा निर्णयका लागि देहायका विषयहरु प्रस्तुत गरिएका थिए ।

(१) संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०६८ आषाढ मसान्तको वासलात र आ.व. २०६७।६८ को वार्षिक नाफा नोक्सान हिसाव विवरण र नगद प्रवाह विवरण माथि छलफल गरी पारित गर्ने ।

(३) लेखापरीक्षण समितिको सिफारिस अनुसार आ.व. २०६८।६९ को लागि लेखापरीक्षकको नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) संचालक समितिले सिफारिस गरे वमोजिमको चुक्ता पूंजीको पच्चिस प्रतिशत नगद लाभांश स्विकृत गर्ने ।

(५) कम्पनीको जारी पूँजी बृद्धि गर्नको लागि प्रवन्धपत्र तथा नियमावलीमा संसोधन गर्ने विषेश प्रस्ताव पारित गर्ने ।

(६) विविध ।

## (ङ) सभाको संचालन तथा प्रतिवेदनको प्रस्तुतिः

अध्यक्ष श्री पद्म ज्योतिले संचालक समितिको वार्षिक प्रतिवेदन (आ.व. २०६७।०६८ को) साधारण सभा समक्ष प्रस्तुत गर्नु भयो ।

अध्यक्षज्यूवाट अनुमति लिएर दश जना शेयरधनीहरुले संचालक समितिको वार्षिक प्रतिवेदन तथा आ.व. २०६७।६८ को लेखापरीक्षण भएको आर्थिक विवरणहरु उपर आफ्नो राय, प्रतिकृया तथा सुझावहरु राख्नु भएको थियो । उहाँहरुको राय, सुझाव र प्रतिकृयाहरु निम्न वमोजिम रहेको थियो ।

(१) **श्री व्यास कुमार शर्माः** संचालक समितिको प्रतिवेदन तथा आर्थिक विवरणहरु हेर्दा आय विवरणको अधिकांश शिर्षकहरुमा सुधार भएको, रिजर्भ तथा सरप्लस राम्रो भएको, कम्पनीको पूँजीमा वृद्धि भएको र कम्पनीले राम्रो सुधार गरेर आय बढाउन सकेकोमा खुशी व्यक्त गर्नु भयो । गत वर्षको भन्दा बढी नाफा गर्न सफल भएर पनि लाभांश कम दिन लागिएकोमा चिन्ता व्यक्त गर्दै हकप्रद शेयर जारी सम्वन्धी कार्य किन रोकिएको हो भन्ने सम्बन्धमा जिज्ञासा राख्नु भयो । कम्पनीको लेना

रकम बढेर गएको र करको दायित्व सम्वन्धमा व्यवस्थापन गरिएको रकमलाई हेर्दा त्यता तर्फ संचालक समितिले विशेष ध्यान दिनु पर्ने देखिएको सुझाव दिनु भयो । अन्तमा, आगामी वर्ष नगद लाभांशको अलावा बोनस शेयर समेत जारी गर्नेतर्फ सोच बनाउन संचालक समितिलाई आग्रह गर्दै कम्पनीको उत्तरोत्तर प्रगतीको कामना गर्नुभयो ।

(२) **अमृतनाथ रेग्मी:** संचालक समितिको प्रतिवेदन विस्तृतरुपमा आएको भन्दै ग्रामिण क्षेत्रमा कम्पनीले पुऱ्याएको बिद्युत सेवाका सम्वन्धमा आगामी वर्षको प्रतिवेदनमा जोड दिन सुझाव दिनुभयो । खर्च घटाउने तथा नाफा बढाउने कार्य भएकोमा प्रसन्नता व्यक्त गर्दै कम्पनीले ऋण तथा स्वपूँजीको अनुपात ७०:३० मात्र कायम गरेर कम्पनीले व्यवसाय विस्तारका कार्यहरुलाई अगाडि बढाउँदा शेयरधनीको दिर्घकालिन हित संरक्षणमा टेवा पुग्ने तर्फ सुझाव दिनुभयो । त्यसैगरी अप्पर तामाकोशी तथा यस्तै अन्य जलबिद्युत आयोजनाहरुमा कम्पनी तथा यसका सहायक कम्पनीले कुनै न कुनै हिसावले काम लिने तर्फ प्रयास गर्न सुझाव दिनु भयो । खुदी हाइड्रोपावर लि.लाई घाटाको कम्पनीवाट नाफाको कम्पनी बनाउने रणनीति तय गर्न, कर्मचारीहरु आउने जाने क्रमलाई रोकी कर्मचारीलाई लामो समय सम्म कम्पनीमा काम गर्न आवश्यक वातावरण निर्माण गर्न तथा शून्य दुर्घटना कम्पनीको लक्ष लिएर काम गर्न समेत सुझाव दिनु भयो । अन्तमा, हकप्रद शेयर जारी गर्दा दशमलवमा शेयर पाउनेको हकमा त्यस्तो दशमलव वरावर एक कित्ताका हिसावले हकप्रद शेयर पाउने व्यवस्था गर्न संचालक समितिलाई अनुरोध गर्नुभयो ।

(३) **दामोदर प्रसाद रेग्मी:** बिपिसि नेपालको एक अग्रज र अग्रणी कम्पनी भएको हुँदा यस प्रति सर्वसाधारण शेयरधनीको अपेक्षा पनि धेरै हुन्छ र त्यस्तो अपेक्षालाई सम्वोधन हुने गरी बजारमा देखिएका अन्य जलविद्युत कम्पनीहरु भन्दा राम्रो लाभांश दिने लाभांश नीति हुनु पऱ्यो भन्दै दिगो लाभांश नीति तय गर्न सुझाव दिंदै साना जलबिद्युतको विकास गर्ने विकल्प तर्फ कम्पनीले ध्यान दिन समेत आग्रह गर्नु भयो । कम्पनीले अन्य कम्पनीहरुमा गरेको लागानीमा प्राप्त हुने लाभांशमा पहिले नै कर तथा कर्मचारीले पाउने बोनस समेत तिरी सकिएको हुने हुंदा त्यसरी लाभांश वापत प्राप्त हुने रकममा फेरी बोनस ब्यवस्था गरी बितरण गर्दा शेयरधनीले पाउने लाभांश रकम घट्ने भएकाले त्यस तर्फ बिचार गर्न सचेत गराउनु भयो । आँधिखोला क्षमतावृद्धि आयोजनाको कुल लागत अनुमान बढी भएको सम्वन्धमा हल्लाहरु सुनिन आएको हुँदा त्यसलाई प्रष्ट पार्न आग्रह गर्दै हालै राष्ट्र बैंकले बैंक तथा वित्तिय संस्थाहरुलाई जलविद्युतको क्षेत्रमा लगानी बढाउन प्रेरित गरिरहेको हुँदा त्यसको भरपुर फाइदा कम्पनीले लिनको लागि सुझाव दिनुभयो ।

(४) **दिनेश राज पन्त:** कम्पनीले यस वर्ष शेयरधनीहरुलाई ढिलो गरी वार्षिक प्रतिवेदन उपलब्ध गराएको हुँदा आगामी वर्ष शेयरधनीलाई समयमै वार्षिक प्रतिवेदन उपलब्ध

गराउने सम्वन्धमा ध्यान दिन आग्रह गर्नु भयो । साथै, गत वर्ष भन्दा कम प्रतिशत लाभांश दिन लागिएको हुँदा आगामी वर्ष लाभांश बढेर आउने छ भन्ने आशा व्यक्त गर्नुभयो ।

(५) **उद्धव प्रसाद भट्टराईः** कम्पनीले आफ्ना खर्चहरु घटाउन तथा नाफा बढाउन सफल भएकोमा खुसी व्यक्त गर्नु भयो । आगामी वर्ष यस वर्षको भन्दा बढी लाभांश दिने तथा छिट्टै हकप्रद शेयर जारी गरिने प्रतिवद्धता आओस् भन्नुभयो ।

(६) **डम्मरु वल्लभ घिमिरेः** कम्पनीले पच्चिस प्रतिशत नगद लाभांश दिन लागेकोमा धन्यवाद दिनु भयो । कम्पनीले हाल नयाँ भवन बनाइरहेको हुँदा भवन भन्दा पनि नयाँ आयोजना निर्माण गर्ने तर्फ जोड दिएको भए राम्रो हुने धारण राख्दै बिद्युत चुहावट रोक्ने तथा सहायक कम्पनीहरुको कार्यसम्पादनलाई अझ प्रभावकारी बनाउने तर्फ ध्यानाकृष्ट गराउनु भयो । साथै, कर्मचारी समस्याका सम्वन्धमा विभिन्न पत्र पत्रिकामा आएको हुँदा त्यसमा समयमै सजग रहनको लागि सुझाव दिनु भयो ।

(७) **रोज कुमार श्रेष्ठः** कम्पनीले प्राविधिक सेवावाट उल्लेख्य रुपमा आम्दानी बढाएको देखिएको हुँदा कम्पनीले उपलब्ध गराउने प्राविधिक सेवा उत्कृष्ट बन्दै गईरहेको पुष्टी हुन्छ भन्ने विचार व्यक्त गर्दै बिद्युत गृहहरुको समयमै मर्मत संभार गरी राम्रो संग संचालन गरेकोमा धन्यवाद दिनु भयो । पच्चिस प्रतिशत लाभांश दिएकोमा खुशी ब्यक्त गर्दै अझ बढी लाभांस प्रप्त गर्न सकिन्थ्यो भन्नु भयो । बढी लाभांश प्राप्त गर्न सकिने अबस्था सम्बन्धमा स्पष्ट पार्दै उहांले कम्पनीले अन्य कम्पनीमा गरेको लगानीमा प्राप्त हुने लाभांस पहि नै बोनस बितरण भै सकेको रकम हुने तथा कर पनि तिरी सकेको हुने हुंदा त्यस्तो रकममा शेयरधनीको मात्र अधिकार हुनेमा यस्तो रकममा समेत वोनस ब्यवस्था गर्दा वोनस दोहोरो पर्ने र यसबाट शेयरधनीले पाउने रकम घट्न जाने भएको छ । यसतर्फ तत्काल कदम चाल्न आग्रह समेत गर्नु भयो । प्रतिवेदनमा कम्पनीको नेटवर्थ सम्वन्धी जानकारी उपलब्ध गराएको भएपनि त्यस्तो जानकारी प्रतिशेयर नेटवर्थ शिर्षकमा उपलब्ध गराए शेयरधनीहरुलाई कम्पनीको अवस्थाको मुल्याँकन गर्न अझ टेवा पुग्ने विचार व्यक्त गर्नु भयो । साथै, कम्पनीले जलबिद्युतको अतिरिक्त अन्य श्रोतवाट समेत बिद्युत उत्पादन तर्फ ध्यान दिन पनि सुझाव दिनुभयो ।

(८) **श्री अमिर दास रन्जितः** कम्पनीले खर्चमा मितव्ययिता अपनाएको तथा वासलातको आकार बढाउन सफल भएकोमा खुसी व्यक्त गर्दै शेयरधनीहरुलाई २५% नगद लाभांश दिन लागेकोमा धन्यवाद ज्ञापन गर्नु भयो र आगामी बर्ष नगद तथा बोनस शेयर दुबै दिने तर्फ ध्यान दिन अग्रह गर्नु भयो । शेयरधनीलाई उपलब्ध गराइएको सूचना जानकारीहरु पर्याप्त हुन नसकेको तर्फ संकेत गर्दै शेयरधनीको सूचनाको

अधिकारलाई सुनिश्चित गर्नको लागि विशेष ध्यान दिन अनुरोध गर्नु भयो । साथै, कम्पनीले यस अघिनैहकप्रद शेयर जारी गर्ने निर्णय गरिसकेको हुँदा हकप्रद शेयर छिटो जारी गर्ने व्यवस्था गर्न आग्रह गर्नु भयो ।

(९) **महेन्द्र बहादुर श्रेष्ठः** कम्पनीले देशको उर्जा शंकट निवारणको लागि सकृय योगदान दिनको लागि प्रभावकारी भूमिक निर्वाह गरोस् भन्दै नयाँ नयाँ आयोजनाहरुमा लगानी विस्तारको लागि ध्यान केन्द्रित गर्नको लागि अनुरोध गर्नु भयो । आगामी वर्ष यथाशक्य छिटो वार्षिक साधारण सभा सम्पन्न गर्नको लागि सुझाव दिनु भयो ।

(१०) **श्री नारायण सुन्दर श्रेष्ठः** शेयरधनी तथा लगानीकर्ताको हितलाई मध्यनजर गर्दै लाभांश दिंदा अन्य जलबिद्युत कम्पनीले दिने लाभांशलाई समेत ध्यानमा राखेर आगामी वर्षहरुमा शेयरधनीलाई राम्रो प्रतिफल दिने तर्फ ध्यान दिन आग्रह गर्नु भयो । हकप्रद शेयर ल्याउनुको सट्टा बोनस शेयर जारी गरी कम्पनीको पूँजी बृद्धि गरेको भए राम्रो हुने सुझाव दिनु भयो । साथै, विगतमा शेयरधनीले दिएका सुझावहरु मध्ये कति सुझावहरु कार्यन्वयन भए त्यसलाई प्रतिवेदन खुलाएको भए राम्रो हुने थियो भन्ने विचार व्यक्त गर्नु भयो ।

शेयरधनीहरुले संचालक समितिको प्रतिवेदन तथा आ.व. २०६७।६८ को आर्थिक विवरण उपर आफ्नो राय, प्रतिकृया तथा सुझावहरु राख्ने कार्य सम्पन्न भए पछि शेयरधनीले उठाएका जिज्ञासाहरु उपर संचालक समितिको तर्फवाट भनाई राखिदिन कम्पनी सचिवले अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो ।

अध्यक्षज्यूले शेयरधनीहरुले प्रस्तुत गरेका सुझावहरुको लागि उहाँहरुलाई धन्यवाद दिनुभयो । शेयरधनीहरुको सुझावहरुवाट अझ राम्रो काम गर्न संचालक समितिलाई थप बल मिलेको जानकारी गराउँदै शेयरधनीहरुका सुझाव तथा जिज्ञासाहरुका सम्वन्धमा संचालक समितिको तर्फवाट निम्न अनुसार स्पष्ट पार्नु भएको थियोः

१. कम्पनीका आर्थिक विवरणहरुमा उल्लेख भएका लेना रकमको अधिकांश हिस्सा कम्पनीले संचालन गरेका आयोजनाहरुमा तथा सहायक कम्पनीहरुमा उपलब्ध गराइएको सेवा वापतको रकम भएको हुँदा सो लेना रकमहरु डुब्ने वा कम्पनीलाई घाटा हुने संभावना छैन । उचित समयमा ति लेना रकमहरु असूल उपर गरिने छ ।

२. हाल विद्यमान लोडसेडिङ्ग तथा छपाईमा त्रुटीका कारण यस वर्ष कम्पनीको बिस्तृत वार्षिक प्रतिवेदन आउन ढिला भएता पनि संक्षिप्त प्रतिबेदन तथा आर्थिक बिवरण ( अनुसूचि र नोट्स् समेत) भने समयमै उपलब्ध गराइएको थियो । आगामी वर्ष कम्पनीको वार्षिक प्रतिवेदन समयमै उपलब्ध होस् भन्नका लागि उचित ध्यान दिइने छ ।

३. खुदी हाइड्रोपावर कम्पनीको नोक्सानी देखिनुको मुख्य कारण ऋणको व्याजदर अस्वाभाविक रुपमा बृद्धी हुनु रहेको छ र यसको लागि सो कम्पनीको वित्तिय पुनर्संरचना गर्दै खर्चहरु घटाउने तथा ऋणको व्याजदर घटाउने तर्फ उचित कदम चालिएको छ ।

४. कम्पनीले अप्पर तामाकोशी तथा यस्तै अन्य जलबिद्युत आयोजनाहरुमा आफै वा सहायक कम्पनी मार्फत विभिन्न कामहरु लिनको लागि प्रयास गरिरहेको छ र गरिरहने छ । साथै सहायक कम्पनीहरुको कार्य संपादन प्रभावकारी बनाउनको लागि विशेष ध्यान दिइने छ ।

५. कम्पनीको ऋण तथा स्वपूँजीको अनुपात ७०:३० प्रतिशत कायम गरे राम्रो हुने सुझाव सह्रानीय छ र आगामी दिनमा नयाँ आयोजनाहरु निर्माण गर्दै जाँदा यस सुझावलाई ध्यानमा राखिने छ ।

६. आँधिखोला बिद्युत गृहको उपकरणहरु ९० वर्ष भन्दा पुरानो भएको कारण त्यसको ठाउँमा नयाँ उपकरण राख्नु पर्ने बाध्यता कम्पनीका सामु रहेको र सो गर्दा बिद्युत केन्द्रको संरचनामा विभिन्न सुधारहरु गरी बिद्युत उत्पादन बढाउन सकिने अध्ययनले देखाएको हुँदा सोही वमोजिम हालको ५.१ मेगावाट क्षमतावाट वृद्धि गरी ९.४ मेगावाट क्षमता बनाउन लागिएको हो । सो आयोजनको लागत बास्तविक देखाइएको छ, र अनुमानित बजेट भित्र नै छ । हाल आयोजनको निर्माणको लागि अन्तर्राष्ट्रिय प्रतिस्पर्धा गराई ठेक्का सम्झौता समेत सम्पन्न भई निर्माण कार्य प्रारम्भको चरणमा रहेको छ ।

७. कम्पनीको हालको भवन सानो र सुरक्षाको दृष्टिवाट समेत उपयुक्त नभएको हुँदा विगतमा शेयरधनीहरुले दिएको सुझाव तथा ग्रुप कम्पनीहरुको लागि कार्यालय व्यवस्थापनको आवश्यकतालाई मध्यनजर गर्दै कम्पनीको जग्गाको अधिकतम् सदुपयोग हुने तरीकावाट वातवरण मैत्री नविन प्रविधी अवलम्वन गरी नमूना व्यापारिक भवनको रुपमा नयाँ कार्यालय भवनको निर्माण गरिएको हो । यसवाट कम्पनीको वारेमा सकारात्मक सन्देश प्रवाह हुने विश्वास समेत लिइएको छ ।

८. जहाँ सम्म हकप्रद शेयरको सट्टा बोनस शेयर जारी गरी पूँजी बृद्धि गरे राम्रो हुने थियो कि भन्ने सुझाव छ सो सम्वन्धमा हकप्रद शेयर जारी गर्दा नगद प्राप्त हुन आउने र त्यसवाट पाइपलाईनमा रहेका आयोजनाहरुलाई आवश्यक पूँजी जुटाउन सहयोग समेत पुग्ने भएको हुँदा हकप्रद शेयर जारी गर्ने विकल्प रोजिएको हो । हकप्रद शेयर जारी गर्ने सम्वन्धमा निणर्य गर्दाको अवस्थामा उपयुक्त समय भए पनि त्यस पछिका विविध अवरोधहरुका कारण आयोजनाहरु ढिला हुन गई हकप्रद शेयर जारी गर्ने कार्य ढिला हुन गएको हो । कम्पनीलाई पूँजीको जरुरत हुने वित्तिकै हकप्रद शेयर जारी गरिने भनी गत साधारण सभामा समेत स्पष्ट गरिएको छ । वातावरणहरु सकारात्मक बन्दै गइरहेको हुँदा यसै वर्ष हकप्रद शेयर जारी गर्ने कार्य सम्पन्न हुन अपेक्षा राखिएको छ ।

शेयरधनीहरुवाट उठाइएका जिज्ञासा तथा प्रश्नहरुका सम्वन्धमा अध्यक्षज्यूवाट स्पष्ट पार्ने कार्य सकिएपछि कम्पनी सचिवले साधारण सभाको विषयसूचीमा उल्लेख भए वमोजिम प्रस्तावहरु स्वीकृतिका निमित्त क्रमशः प्रस्ताव राख्नु भयो ।

## (च) निर्णयहरुः

१) साधारण सभा समक्ष प्रस्तुत आ.व. २०६७।०६८ को संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभावाट उक्त प्रतिवेदन सर्व सम्मतिवाट पारित गर्ने निर्णय भयो ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको लेखापरीक्षण भएको आ.व. २०६७।६८ को आर्थिक विवरणहरु (२०६८ आषाढ मसान्तको वासलात र आ.व. २०६७।०६८ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह) स्विकृतीको लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभावाट सर्वसम्मतिले उक्त आर्थिक विवरणहरु पारित गर्ने निर्णय भयो ।

३) लेखापरीक्षण समितिका अध्यक्ष श्री रत्न संसार श्रेष्ठले श्री पि.पि.प्रधान एण्ड कम्पनीले आ.व. २०६६।०६७ र २०६७।६८ मा गरेको कम्पनीको हिसाव किताबको लेखापरीक्षण सन्तोषजनक पाइएको र कम्पनी ऐन, २०६३ अनुसार थप एक आ.व.को लेखापरीक्षण गर्नको लागि योग्य समेत भएको हुँदा श्री पि.पि.प्रधान एण्ड कम्पनीलाईनै कम्पनीको आ.व. २०६८।६९ को हिसाव किताव लेखापरीक्षण गर्न लेखापरीक्षण वापत सेवा शुल्क रु २००,००० (दुई लाख रुपैयाँ) मुल्य अभिवृद्धि कर, वाह्य भत्ता, स्थानीय सुविधा तथा यातायत खर्च वाहेक (Excluding of VAT, out-station allowance and travel expenses) दिने गरी कम्पनीको लेखापरीक्षक नियुक्तिको लागि लेखापरीक्षण समितिले साधारण सभा समक्ष सिफारिस गर्ने निर्णय गरेको जानकारी गराउँदै लेखापरीक्षक नियुक्तिको लागि प्रस्ताव गर्नु भयो । सभावाट प्रस्ताव गरे बमोजिम नै श्री पि.पि.प्रधान एण्ड कंपनीलाई रु २००,००० (दुई लाख रुपैयाँ) मुल्य अभिवृद्धि कर, वाह्य भत्ता, स्थानीय सुविधा तथा यातायत खर्च बाहेक (Excluding of VAT, out-station allowance and travel expenses) लेखापरीक्षण शुल्क दिने गरी आ.व. २०६८।०६९ को लागि लेखापरीक्षक नियुक्ति गर्ने सर्वसम्मतिवाट निर्णय भयो ।

४) आ.व. २०६७।०६८ को आर्थिक विवरणमा व्यवस्था गरिए बमोजिम चुक्ता पूँजीको पच्चिस प्रतिशत नगद लाभांश वितरण गर्न संचालक समितिवाट साधारण सभा समक्ष सिफारिस भएकोले सोही अनुसार लाभांश वितरण गर्न प्रस्ताव गरिएकोमा प्रस्ताव वमोजिम नै १९ औं वार्षिक साधारण सभाको निमित्त शेयर दाखिल खारेज बन्द भएको मिति भन्दा अघिल्लो दिनमा कायम शेयरधनीहरुलाई चुक्ता पूंजीको पच्चिस प्रतिशत नगद लाभांश वितरण गर्ने सर्वसम्मतिवाट निर्णय भयो ।

५) कम्पनीको जारी पूँजी बृद्धि गर्ने विशेष प्रस्ताव उपर छलफल हुँदा कम्पनीको प्रवन्धपत्रको दफा ५(ख) र नियमावलीको नियम ७(ख) मा शंसोधन गरी कम्पनीको हालको जारी पूँजी १,६९,००,००,००० (एक अरव उनान्सत्तरी करोड रुपैया) रहेकोमा त्यसलाई बृद्धि गरी १,७०,००,००,००० (एक अरव सत्तरी करोड रुपैया) पुऱ्याउने सर्वसम्मतिले निर्णय भयो । प्रवन्धपत्र तथा नियमावलीमा भएको संशोधनाको तिन महले प्रस्ताव तथा संशोधित व्यवस्था क्रमशः अनुसूची १ र २ मा संलग्न छ ।

(६) विविध शिर्षक अर्न्तगत कुनै पनि प्रस्ताव नभएको हुँदा सो शिर्षक अर्न्तगत अन्य कुनै निर्णय भएन ।

## (छ) सभा विसर्जनः

कम्पनी सचिवले साधारण सभाको निर्धारित विषयसूची अनुसार छलफल तथा निर्णयहरु भएको हुँदा अध्यक्षज्यूलाई १९ औं वार्षिक साधारण सभा अन्त्य भएको घोषणा गर्दै सभा विसर्जन गर्नको लागि अनुरोध गर्नु भयो ।

अध्यक्षज्यूले कम्पनीको १९ औं वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारु रुपमा सम्पन्न गर्न गराउन सहयोग पुऱ्याउनु भएकोमा सबै शेयरधनीहरु, संचालक समितिका सहकर्मी सदस्यहरु, व्यवस्थापक तथा कर्मचारीहरु, शेयर रजिष्ट्रार, आमन्त्रित व्यक्तित्वहरु, मिडिया तथा कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्ने अन्य सम्वद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो । अध्यक्षज्यूले शेयरधनीहरुले संचालक समिति प्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्दै १९ औं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो । साधारण सभा अपरान्ह २.३० वजे विसर्जन भएको थियो ।

............................ ............................

(प्रज्वल ओझा) (पद्य ज्योति)

निमित्त कम्पनी सचिव अध्यक्ष